छत्रकोट गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
चोयगा, गुल्मी
प्रदेश नं. ५, नेपाल

## एच. डि. पि. ई. तथा जि.आई. पाईप खरिद कार्य सम्बन्धी शिलबन्दी बोलपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकासित मिति २०७५/१०/१८**

यस छत्रकोट गाउँपालिका अन्तर्गतका वडा नं. १ हुँगा, वडा नं. २ पल्लिकोट, वडा नं.३ हर्दिनेटा र वडा नं. ६ दौंघामा सञ्चालित खानेपानी आयोजनाहरुको लागि विभिन्न साइज तथा सेरिजका गुणस्तर चिन्ह प्राप्त र स्फेसिफिकेशनमा उल्लेख भए अनुसारका एच. डि. पि. ई. तथा जि. आई. पाईप खरिद कार्य शिलबन्दी बोलपत्रको माध्यमबाट गराउनु पर्ने भएकोले निम्न शर्तहरुको अधिनमा रही इजाजतपत्र प्राप्त कम्पनी, फर्म तथा सप्लायर्सहरुबाट शिलबन्दी बोलपत्र आव्हान गरिएको छ ।

१. यो सूचना प्रकाशित मितिले ३० (तीस) दिनभित्र यस कार्यालयबाट बोलपत्र दस्तुर रु.३,०००।-(फिर्ता नहुने गरी) बुझाई आ.व. २०७५/७६ को लागि नवीकरण गरिएको इजाजत पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, गुणस्तर चिन्ह प्राप्त गरेको प्रमाणपत्र र आ.व. २०७४/७५ सम्म कर तिरेको प्रमाणपत्रका प्रतिलिपिहरु संलग्न गरी कार्यालय समयमा बोलपत्र फारम खरिद गर्न सकिने छ । निर्माता कम्पनीहरु बाहेक अन्य इजाजत प्राप्त फर्म/सप्लायर्सहरुको हकमा निर्माताबाट बिक्रीको लागि एकलौटी रुपमा जारी गरिएको आधिकारीक पत्र (Manufacturer's Authorization Letter) को सक्कलै प्रति अनिवार्य रुपमा पेश गर्नुपर्ने छ।

२. जमानत बापत तोकिएको रकम राष्ट्रिय बाणिज्य बैंक तम्घासमा रहेको यस कार्यालयको धरौटी खाता नं.३०१०३०३००७१०५ मा जम्मा गरेको सक्कल भौचर वा "क" वर्गको बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी बोलपत्र खोलिने दिनले कम्तिमा १२० दिनको म्याद रहेको बोलपत्र जमानत संलग्न गरी यो सूचना प्रकासित भएको मितिले ३१औं दिन दिनको १२.०० बजेसम्म शिलबन्दी बोलपत्र यस कार्यालयमा दर्ता गर्नुपर्ने छ ।

३. बोलपत्रको खाम बाहिर फर्मको नाम, ठेगाना, ठेक्का नं. र कामको विवरण लेखु पर्नेछ । दर्ता भएका बोलपत्र सोही दिन दिनको १.०० बजे बोलपत्रदाता वा निजको आधिकारीक प्रतिनिधिको रोहबरमा यसै कार्यालयमा खोलिने छ । बोलपत्रदाताको अनुपस्थितिको कारणले बोलपत्र खोल्न बाधा पर्ने छैन ।

४. बोलपत्रको सबै पानामा सहीछाप गरेको हुनुपर्नेछ । मुल्य अङ्कित परिमाण सूचीको दररेट महलमा अङ्क र अक्षर दुवैमा उल्लेख गर्नु पर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

५. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन विदा परेमा लगत्तै कार्यालय खुलेको दिन क्रमशः ती कार्यहरु गरिने छ। म्यादभित्र दर्ता नभएका र रीत नपुगेका बोलपत्र उपर कुनै कारवाहि हुने छैन ।

६. बोलपत्र स्वीकृत गर्ने, अस्वीकृत गर्ने वा आंशिक स्वीकृत गर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

७. सूचनामा नपरेका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ ।

८. यस बाहेक अन्य कुराहरु बुझ्नु परेमा कार्यालय समयभित्र छत्रकोट गाउँ कार्यपालिकाको कार्यालय चोयगा गुल्मीमा सम्पर्क गर्न सकिनेछ वा कार्यालयको वेभसाईट www.chhatrakotmun.gov.np, ९८५७०६७९०८, ९८५७०७२४९१ मा सम्पर्क गर्न सकिनेछ।

**कार्य विवरण**

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | बोलपत्र फारमको मूल्य रु. | बोलपत्र जमानत रकम रु. |
|---|---|---|---|---|
| १ | CRM/Gul/G/NCB-03/075-76 | छत्रकोट गाउँपालिका अन्तर्गत वडा नं.१,२ र ३ मा संचालित खानेपानी आयोजनाहरुको लागि एच. डि. पि. ई. पाईप सप्लाई गर्ने कार्य । | ३,०००.०० | १,५०,०००.०० |
| २ | CRM/Gul/G/NCB-04/075-76 | छत्रकोट गाउँपालिका अन्तर्गत संचालित दौंघा लिफ्टिङ्ग खानेपानी आयोजनाको लागि एच. डि. पि. ई. पाईप सप्लाई गर्ने कार्य। | ३,०००.०० | १,५०,०००.०० |
| ३ | CRM/Gul/G/NCB-05/075-76 | छत्रकोट गाउँपालिका अन्तर्गत वडा नं.३ र ६ मा संचालित खानेपानी आयोजनाहरुको लागि जि.आई.पाईप सप्लाई कार्य । | ३,०००.०० | १,००,०००.०० |

प्रमुख प्रशासकीय अधिकृत
**प्रमुख प्रशासकीय अधिकृत**